गजुरी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
गजुरी,धादिङ
३ नं प्रदेश,नेपाल

**स्थानीय सडक पूर्वाधार सेवा शुल्क तथा विज्ञापन कर संकलन सम्बन्धी शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना**
**प्रथम पटक प्रकाशित मिति : २०७६।०३।१६**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (घ)(२) र यस गजुरी गाउँपालिका गाउँकार्यपालिकाको निर्णय अनुसार, यस गजुरी गाउँपालिकाको आगामी आ.व २०७६/०७७ को लागि गाउँपालिका क्षेत्र भित्र **विज्ञापन सम्बन्धी कर** तथा तपसिलका स्थानहरुबाट **स्थानीय सडक पूर्वाधार सेवा शुल्क** संकलनको लागि ठेक्का व्यवस्थापन गर्नुपर्ने भएको ले ईच्छुक व्यक्ति,फर्म वा कम्पनीबाट निम्न शर्तहरुको अधीनमा रही निम्नानुसारको कूल अंकमा नघट्ने गरी वडावडको माध्यमबाट रीतपूर्वक शिलबन्दी दरभाउपत्र आहवान गरिएको सम्बन्धित सबैको जानकारीका लागी १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| सि.नं | ठेक्का नं | विवरण | न्यूनतम अंक मू.अ कर बाहेक | दरभाउपत्र फाराम दस्तुर | कैफि |
|---|---|---|---|---|---|
| १ | ०२/२०७६/०७७ | **स्थानीय सडक पूर्वाधार सेवा शुल्क संकलन गर्ने स्थान**<br>क) आदमघाट लामाचिरा सडक<br>ख) मलेखु महादेवस्थान सडक<br>ग) घाटबेसी मानेभन्ज्याङ सडक<br>घ) रामवजार भदौरे हटिया सडक<br>ङ) चालिसे बेलभन्ज्याङ सडक | <br>४,५०,०००।-(चार लाख पचास हजार)<br>४,५०,०००।-(चार लाख पचास हजार)<br>२०,०००।- (बिस हजार)<br>५०,०००।-(पचास हजार)<br>३०,०००।-(तीस हजार) | १०००।- | |
| २ | ०३/२०७६/०७७ | **विज्ञापन सम्बन्धी कर संकलन**<br>क) गाउँपालिका क्षेत्र भित्र विभिन्न विषयमा हुने विज्ञापन सम्बन्धी कर | ४५३०००।-(चार लाख तीरपन्न हजार ) | १०००।- | |

**शर्तहरु**

१.दरभाउपत्र फाराम यो सूचना प्रकासित भएको मितिले १५ औ दिन कार्यालय समय भित्र यस कार्यालयको राष्ट्रिय वाणिज्य बैक लिमिटेड धादिङ वेशी शाखामा रहेको संचितकोष खाता नं १०३०३०४०१८१०७ मा फाराम दस्तुर वापत

युवराज अर्याल
प्रमुख प्रशासकीय अधिकृत

जम्मा गरेको सक्कल बैंक भौचर संलग्न राखि वा यस कार्यालयमा राजश्व केन्द्रमा नगदै दाखिला गरी दरभाउपत्र खरिद गर्नुपर्ने छ ।

२. १६ औं दिनको १२:०० बजे भित्र उल्लेखित कुल अंकमा नघट्ने गरि शिलबन्दी सहित दरभाउपत्र पेश गरिसक्नुपर्ने छ । सोहि दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधीको उपस्थितीमा गाउँपालिकाको कार्यालयमा शिलबन्दी दरभाउपत्रहरु खोलिने छ । दरभाउपत्रदाता वा प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । रितपूर्वक नभएको दरभाउपत्रहरुको मूल्यांकन गरिने छैन ।

३.दरभाउपत्र पेश गर्दा दरभाउपत्रसाथ धरौटी बापतको रकम कबुल गरेको कूल अंकको ५% ले हुन आउने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड धादिङवेशी शाखामा रहेको १०३०३०३००७१०७ धरौटी खातामा जम्मा गरी सक्कल भौचर शिलबन्दी दरभाउपत्र संलग्न हुनुपर्ने छ ।

४.प्रचलित कानून बमोजिम लाग्ने कर तथा शुल्कहरु ठेक्का लिने व्यक्ति वा संस्था स्वयंले तिर्नुपर्ने छ ।

५.तोकिएको दररेट भन्दा बढी दरमा कर उठाउन पाईने छैन ।

६.स्थानीय सडक पूर्वाधार सेवा शुल्क सरकारी, एम्बुलेन्स,विद्यालय कुटनीतिक नियोग र संस्थानका सवारी साधनहरुबाट शुल्क उठाउन पाईने छैन ।

७.कुल कबोल अकलाई २ किस्ता कायम गरिने छ । पहिलो किस्ता वापत कूल कबोल अंकको ५०% रकम र थप बाकी ५०% को बैक जमानत सम्झौता हुनुअगावै पेश गर्नुपर्नेछ । बैंक जमानत पेश गर्न नसके पुरै कबोल अंक अग्रीक दाखीला गरी सम्झौता गर्न सकीनेछ ।

८.प्रथम किस्ता वापतको रकम यस कार्यालयको संचित कोषमा दाखिला गरेको सक्कल बैंक भौचर पेश भएपछि सम्झौता गरिने छ । ठेक्का सदर भएको व्यक्तिले तोकेको समयभित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत हुने छ ।

९.दरभाउपत्र स्वीकृत भई सम्झौता भए पश्चात कुनै किसिमको छुट,मिनाहा,माफी दिईने छैन । शर्तमा उल्लेख नभएका अन्यकुराहरु नियमानुसार हुनेछ ।

१०.दरभाउपत्र बडाबडको माध्यम भएकोले सबै भन्दा बढी कबोल गरेको दरभाउपत्र स्वीकार गरिनेछ ।

११.उठाउन पाउने कर तथा शुल्कको दर शिलबन्दी दरभाउपत्र फाराममा उल्लेख भएको हुनेछ । यस सम्बन्धी थप कुरा बुझ्नुपर्ने भएमा सिधै गाउँपालिकाको कार्यालयमा सर्म्पक गरी वा निम्न फोन नम्बरमा बुझ्न सकिन्छ ।

**फोन नं : ०१०-४०२१४३ ,०१०-४०२०६३ ,०१०-४०२१६५,website:** http://gajurimun.gov.np, **Mobile apps** : हाम्रो गजुरी, भाईवर नं : ९८५१२०५३६८ , **सन्देश सूचना बोर्ड : १६१८०१०४०२१४५**

प्रमुख प्रशासकिय अधिकृत

युवराज अर्याल

प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय गजुरी, धादिङ ३ नं. प्रदेश नेपाल